## कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८०/०८१ को वार्षिक समीक्षा गोष्ठी सम्पन्न

वन निर्देशनालय, धरानको आयोजनामा मिति २०८१/०४/१७ र १८ गते पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशको आ.व. २०८०/०८१ को चौथो त्रैमासिक तथा वार्षिक समीक्षा गोष्ठी निर्देशनालयको सगरमाथा सभाहलमा सम्पन्न भएको छ । दुई दिने समीक्षा गोष्ठीको पहिलो दिन कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय राम बहादुर रानामगरज्यूको प्रमूख आतिथ्यता तथा प्रदेश योजना आयोगका उपाध्यक्ष डा. राजेन्द्र अधिकारीको विशिष्ठ आतिथ्यता, प्रदेश योजना आयोगका सदस्यद्वय किशोर कुमार राई र भवानी प्रसाद बराल एवं प्रदेश सचिव विशाल घिमिरेज्यूको विशेष आतिथ्यता रहेको थियो । गोष्ठीको अध्यक्षता प्रदेश वन निर्देशक डा. ईन्द्र प्रसाद सापकोटाले गर्नुभएको थियो ।

यसैगरी प्रगती समीक्षा गोष्ठीको दोस्रो दिन कोशी प्रदेशका मूख्यमन्त्री माननीय हिक्मत कुमार कार्कीज्यूको प्रमूख आतिथ्यता तथा राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष डा. किरण पौडेल र कोशी प्रदेशका प्रमूख सचिव केदारनाथ शर्माज्यूको विशिष्ठ आतिथ्यता एवं प्रदेश सचिव विशाल घिमिरे र संघीय वन तथा वातावरण मन्त्रालयका उप-सचिव सुमन सुवेदीज्यूको विशेष आतिथ्यता रहेको थियो । गोष्ठीमा कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, १५ वटा डिभिजन वन कार्यालय, २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय र १ वटा भू तथा जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई, २ वटा पर्यटन कार्यालय र १ वटा पर्यटन पुर्वाधार विकास आयोजना, चुरे उत्थानशिल आयोजना, कोशी, राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन ईकाई सलकपुर, वृहत जलाधार व्यवस्थापन आयोजना, कोशी, कोशी टप्पु वन्यजन्तु आरक्ष र नेपाल वन निगम, विराटनगरको प्रस्तुती सहितको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि , विशिष्ट अतिथिले वन क्षेत्रबाट प्रदेशको दिगो विकासको राष्ट्रिय लक्ष्य पुरा गर्न जिवीकोपार्नमा सुधार गर्न तथा धार्मकि पर्यटनको विकसा गर्न महत्वपुर्ण भुमिका रहने भएकाले वन पैदावार मात्र नभई पर्यापर्यटनमा पनि वनका जीवजन्तु, पोखरी, सिमसार क्षेत्रको उपयोग हुनुपर्ने एवं पर्यमपर्यटन मार्फत प्रदेशको विकासमा जोड दिनुपर्ने बताउनुभयो । साथै वन्यजन्तुको वासस्थान सुधार गरी वन्यजन्तुको माध्यमबाट पर्यटन विकास गरी कोशी प्रदेश पर्यटन वर्ष २०८२ लाई सफल बनाउन सबै तहबाट अघि बढ्नुपर्नेमा जोडदिनुभयो । प्रदेशको वन क्षेत्रबाट राजश्व, मुअकर, प्रदेश सेवा शुलकबाट आम्दानी बढे सँगै पर्यटन विकासलाई समेत प्रदेशको श्रोतको रूपमा काम गर्नुपर्ने र वनजन्य फलफुल रोपण कार्यमा विशेष जोड दिई वार्षिक कार्यक्रम सम्पादन गर्न सुझाव तथा निर्देशन दिनुभयो ।

समिक्षाबाट विगतका पाठ र अनुभवलाई निखार्दै आगामी दिनमा कार्यक्रम संचालन गर्दा अझ परिस्कृत रूपमा र कार्यक्रम कार्यान्वयनमा भएका जटिलता कार्यविधि तथ मार्गदर्शन मार्फत सम्बोधन गर्दै प्रगती हासिल गर्न समयमानै सक्रिय रूपमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

समीक्षा गोष्ठीमा वन निर्देशनालय, धरानका प्रदेश वन निर्देशक डा. ईन्द्र प्रसाद सापकोटाले समग्र कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रगतीको प्रस्तुती प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीमा कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालयमा विनियोजित बजेट मध्ये संघ तर्फ ५८ प्रतिशत वित्तीय तथा ८७ प्रतिशत भौतिक प्रगती भएको र प्रदेश तर्फ ७८ प्रतिशत वित्तीय तथा ९० प्रतिशत भौतिक प्रगती भएको जानकारी दिनु भयो । कोशी प्रदेशको वन तथा वातावरण तर्फ जम्मा १५० वटा क्रियाकलापका लागि बजेट विनियोजन भएकोमा १३७ वटा क्रियाकलापको कार्य सम्पन्न भएको र १३ वटा क्रियाकलाप सम्पादन हुन नसकेको र पर्यटन प्रवर्द्धन तर्फ १९९ वटा क्रियाकलापका लागि ८० करोड ९० लाख रुपैंया बजेट विनियोजन भएकोमा ५१ करोड ४० लाख रुपैया खर्च भई करिब ६४ प्रतिशत वित्तीय र ७७ प्रतिशत भौतिक प्रगती हासिल भएको जानकारी दिनुभयो । आ.व. २०८०/०८१ मा १८ करोड ५९ लाख ३७ हजार ६ सय २३ रूपैंया राजश्व, ८९ करोड १२ लाख ४८ हजार १ सय ५० रूपैंया मु.अ.क. र ८ करोड ६२ लाख ७५ हजार ५ सय २८ रुपैंया प्रदेश सेवा शुल्क संकलन भएको जानकारी दिनु भयो । गोष्ठीमा सहभागी कार्यालयहरुले आ-आफ्नो कार्यालयको तर्फबाट प्रगतीको छुट्टाछुट्टै प्रस्तुती प्रस्तुत गर्नु भएको थियो । गोष्ठै अवसरमा पर्यटन, वन तथा वातावरण मन्त्रालयले मातहतका विभिन्न शाखा तथा कार्यालयमा रहि उत्कृष्ठ कार्यसम्पादन गर्ने ६ जना कर्मचारीहरूलाई कदर पत्र सहित सम्मान गरेको थियो ।

गोष्ठीमा सहभागी अतिथीहरूले प्रस्तुत भएको प्रगती सन्तोषजनक रहेको र केही सुधार गर्नुपर्ने ठाउँ देखिएकोले आगामी दिनमा अझ राम्रो प्रगती हासिल गर्न तर्फ लाग्नुपर्ने तथा बेरूजु फर्छ्यौटमा सबै कार्यालयले प्राथमकिताका साथ कार्य गर्नुपर्नेमा जोड दिनु भयो । कोशी प्रदेशको समग्र समृद्धिमा वन, वातावरण र पर्यटनको महत्वपुर्ण स्थान रहेकोले जलवायु परिवर्तनको असर, वातावरण र भौतिक पुर्वाधार विकासको सन्तुलन, पर्यापर्यटनको सम्भावनालाई वृहत्तर हृदयगम गरी दिगो विकासको लक्ष्यलाई केन्द्रमा राखि कोशी प्रदेशका जनताको मुहारमा खुसी छाउने गरी आगामी दिनमा कार्यक्रम छनौट तथा सम्पादन हुनुपर्ने तर्फ सबैको विशेष ध्यानाकर्षण हुन सबै अथिती तथा सहभागिहरू एकमत हुनुहुन्थ्यो । कार्यक्रमको अन्त्यमा प्रमुख अतिथी, विशिष्ट अतिथी, विशेष अतिथि तथा उपस्थित सम्पुर्ण प्रदेश सरकार, संघिय सरकारका प्रतिनिधि एवं मन्त्रालय तथा मातहतका निकायबाट सहभागी हुनुभएकोमा कार्यक्रमका अध्यक्ष एवं प्रदेश वन निर्देशक डा. ईन्द्र प्रसाद सापकोटाले धन्यवाद ज्ञापन गर्नुभयो ।

## कार्यक्रमका झलकहरू








